वर्ष ५, अंक १०, माघ

# अपराध अनुसन्धान
## मासिक ई-बुलेटिन














**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान
मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी

**सल्लाहकार**
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – २ |
| अपराध तथ्याङ्क | ३ – ९ |
| प्रहरी सेवा प्रवाह | १०–१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–२० |
| उत्कृष्ट अनुसन्धान | २१ |

# विभागीय गतिविधि

## राष्ट्रिय दलित आयोगका अध्यक्ष तथा सदस्यहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न






*काठमाडौं, १८ माघ*

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माको प्रमुख आतिथ्यतामा नेपाल प्रहरीद्वारा आयोजित राष्ट्रिय दलित आयोगका पदाधिकारी एवम् कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयमा सम्पन्न भएको छ। कार्यक्रममा राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले नेपालको संविधान, ऐन र कानूनलाई क्रियाशिल बनाउन राष्ट्रिय दलित आयोगको गठन भएको र आयोगको भूमिकालाई प्रभावकारी बनाउन र दलितसँग सम्बन्धित कानूनको कार्यान्वयनमा नेपाल प्रहरीको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै कानून कार्यान्वयनमा नेपाल प्रहरीले अझै प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल प्रहरीले दलित सेल गठन गरेको प्रति धन्यवाद व्यक्त गर्दै जातीय विभेदका घटनामा निर्मम ढंगले अनुसन्धान गर्न समेत उहाँले आग्रह गर्नुभयो। उक्त अवसरमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रहरीले गर्ने कामहरू कानूनको दायराभित्र रहेर सम्पादन हुने उल्लेख गर्दै नेपाल प्रहरीले नियमित रूपमा आयोगसँग समन्वय गरी दलितसँग सम्बन्धित समस्या समाधान गर्न सदैव प्रतिवद्ध रहेको बताउनुभयो। प्रहरी महानिरीक्षक सिंहले दलित समुदायलाई होच्याउने वा प्रतिष्ठामा आँच आउने गतिविधि गर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउन समेत प्रहरी क्रियाशिल रहेको बताउँदै सामाजिक सञ्जालमार्फत देश बाहिर रहेर त्यस्ता गतिविधि गर्नेलाई नियन्त्रणमा लिन कठिन भएता पनि त्यसतर्फ समेत आवश्यक कदम चालिने बताउनुभयो। सेवाग्राहीको विभेदसँग सम्बन्धित मुद्दाहरूको उचित सम्बोधनमा महत्वपूर्ण दायित्व निर्वाह गर्न समेत उहाँले नेपाल प्रहरीलाई आग्रह गर्नुभयो। कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले दलित समुदायको हकहित संरक्षणमा नेपाल प्रहरी अन्तर्गत दलित समुदायसँग सम्बन्धित नेपालमा बिद्यमान कानूनी व्यवस्था, नेपाल प्रहरीमा दलित समुदायको प्रतिनिधित्वको वर्तमान अवस्था, दलित सेलको काम, कर्तव्य, दलित समुदाय माथि हुन सक्ने अपराध, विभेद, हिंसा र यसका स्वरूपहरू, दलित समुदायका नागरिकहरूलाई प्रहरी सेवा प्रवाह तथा कामकारवाहीमा प्रहरी कर्मचारीले ध्यान दिनुपर्ने कुराहरू सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो। अन्तरक्रियामा सहभागीहरूले जातीय विभेद लगायत दलितसँग सम्बन्धित समस्याहरूको समाधानका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, राष्ट्रिय दलित आयोगका प्रतिनिधिहरू, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

## इन्टरपोलको २४औं एसियाली क्षेत्रीय सम्मेलनमा सहभागी भई प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह स्वदेश फिर्ता



*काठमाडौं, २९ माघ*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह संयुक्त अरब इमिरेट्सको अबुधाबीमा २०७९ माघ २४ देखि २६ गतेसम्म संचालन भएको इन्टरपोलको २४औं एसियाली क्षेत्रीय सम्मेलनमा नेपालको तर्फबाट सहभागी भई स्वदेश फर्कनुभएको छ। प्रहरी महानिरीक्षक सिंहलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभयो। विमानस्थलमा कुराकानी गर्दै प्रहरी महानिरीक्षक सिंहले उक्त सम्मेलनमा एसियाली राष्ट्रका प्रहरी संगठन मजबुत बनाउने र इन्टरपोललाई थप सक्रिय बनाउने विषयमा छलफल भएको बताउँदै एसियाली देशहरुबाट आतंकवाद

निर्मूल पार्ने, मानव बेचबिखन नियन्त्रण तथा पछिल्लो समयमा विश्वव्यापी समस्याको रुपमा देखापरेको साइबर अपराध र साइबर सुरक्षामा एकतावद्ध भएर प्रभावकारी तरिकाले कसरी काम गर्न सकिन्छ भन्ने विषयमा समेत छलफल भएको बताउनुभयो । हाल इन्टरपोलको प्रतिनिधित्व गर्दै नेपाल प्रहरीका दुई जना अधिकृतहरु सिंगापुर र लियोनमा कार्यरत रहेकोले यो नेपाल प्रहरीकै लागि गौरवको विषय भएको बताउँदै महानिरीक्षक सिंहले नेपाल प्रहरी इन्टरपोलको सदस्य भएकै कारण गल्फ लगायत विभिन्न देशमा लुकेर रहेका अभियुक्तहरुलाई इन्टरपोलको सहायताबाट पक्राउ गरेर ल्याउन सफल भएको समेत सो अवसरमा स्मरण गर्नुभयो । सम्मेलनको दौरानमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले इन्टरपोलका अध्यक्ष मेजर जनरल अहमद नासिर अल-रइसी र महासचिव जर्गन स्कटलगायत इन्टरपोलका पदाधिकारीहरुसँग भेटघाट गर्नुभएको थियो । नेशनल सेन्ट्रल ब्यूरो (एनसिबि) काठमाडौं नेपालका प्रमुख समेत रहनुभएका प्रहरी महानिरीक्षक सिंहको नेतृत्वमा नेपाल प्रहरी प्रधान कार्यालय, इन्टरपोल शाखाका प्रहरी उपरीक्षक अनुपम शमशेर जबरा समेत उक्त सम्मेलनमा सहभागी हुनुभएको थियो । त्रिदिवसीय उक्त सम्मेलनमा एसियाली मुलुकका प्रहरी प्रमुखहरू, इन्टरपोलका प्रतिनिधि मण्डल तथा विभिन्न सरोकारवाला निकायहरुबीच आर्थिक अपराध, मानव बेचबिखन, साइबर अपराध र आतंकवाद जस्ता अन्तरदेशीय अपराधहरुको नियन्त्रणका लागि आवश्यक प्रहरी समन्वय लगायतका विषयहरुमा बृहत छलफल भएको थियो । यस अघि इन्टरपोलको २३औँ एसियाली सम्मेलन सन् २०१७ मा काठमाडौंमा सम्पन्न भएको थियो ।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूको प्रमुख आतिथ्यतामा "चित्राकृति आधारभुत तालिम (Portrait Sketch Basic Training)" समापन



*काठमाडौं, २५ माघ*

प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूको प्रमुख आतिथ्यतामा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा पुस १८ गतेदेखि संचालित २९ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत तालिम **"आकृतिकार आधारभूत तालिम (Portrait Sketch Basic Training)"** समापन भएको छ ।

अपराध अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन पिडित तथा चश्मदिद साक्षीहरुको बयान तथा थाहा पाउने जान्ने व्यक्तिहरुको सूचना, फोटो वा अन्य सन्दर्भ सामाग्री र स्मरणको आधारमा शंकित /अभियुक्त तथा फरार प्रतिवादीहरुको चित्राकृति बनाई पहिचान तथा खोजी गरी पक्राउ गर्न, पटके तथा गम्भिर प्रकृतिका अपराधमा संलग्न अपराधी/अभियुक्तहरुको आकृति सहितको विवरण सार्वजनिक गरी सर्वसाधारणहरुलाई सुरक्षाको लागि सावधान गराउनुको साथै अनुसन्धान तथा पक्राउ कार्यमा आम सर्वसाधारणहरुको सहयोग लिई नेपाल प्रहरीको अनुसन्धान गर्ने जिम्मेवार एकाईहरुमा आवश्यक आकृतिकारहरुको संख्यात्मक तथा गुणात्मक क्षमता अभिबृद्धि गर्ने उद्देश्य लिएको थियो । अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूले यस आकृतिकार आधारभूत तालिमबाट अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुलाई सघाउ पुग्नुका साथै सहभागीहरुलाई तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा धन्यबाद समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूद्वारा प्रहरी वरिष्ठ उपरीक्षकज्यूको विदाईका साथै प्रहरी वरिष्ठ उपरीक्षकज्यूको स्वागत कार्यक्रम सम्पन्न






*काठमाडौं, ३ माघ*


नेपाल प्रहरी प्रधान कार्यालयबाट बिभिन्न कार्यालयहरूमा सरूवा भईजान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरूको विदाई तथा फेरि भेटौला कार्यक्रम र सरुवा भई अपराध अनुसन्धान विभागमा हाजिर हुन आउनु भएका प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरूको स्वागत कार्यक्रम अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्युको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । साथै विदाई भई जान लाग्नु भएका प्रहरी अधिकृतहरूलाई प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूले विदाई गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो । सो अवसरमा विदाई भई जान लाग्नु भएका अधिकृतहरूले आ-आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य ब्यक्त गर्नुभएको थियो । विदाई भइ जान लाग्नु भएका अधिकृतहरूमा चन्द्र कुवेर खापुङ, रेवती ढकाल र कृष्णहरि शर्मा हुनुहुन्छ । साथै नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा सरुवा भई हाजिर हुन आउनु भएका प्रहरी अधिकृतहरूमा मोहन प्रसाद पोखरेल , अनुराग कुमार द्विवेदी र भोला बहादुर रावल हुनुहुन्छ ।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको माघ महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (मंसिर-माघ)




## त्रैमासिक मुद्धा दर्ता र फछ्यौंट संख्या (मंसिर-माघ)





## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० माघ सम्म)




## जघन्य अपराधको प्रदेशगत बिश्लेषण (आ.व. २०७९।०८० माघ)





## गम्भीर अपराधको प्रदेशगत बिश्लेषण (आ.व. २०७९।०८० माघ)




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० माघ)





## माघ महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## माघ महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण





## माघ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## माघ महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| प्रदेश/उपत्यका/ब्युरोको नाम | | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ४५४ | ५३ वर्ष २ महिना ३ दिन | २,७७,६७,९९३ |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | १४५ | ११० वर्ष ७ महिना १६ दिन | ३१,२४,०२६ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | १४३३ | १४६ वर्ष २२ दिन | ८८,५७,००५ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १९९ | ३४ वर्ष ९ महिना ८ दिन | ३०,००,९४८ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ४३ | १९ वर्ष ११ महिना २८ दिन | १०,६१,८१६ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५२ | ४० वर्ष ६ महिना २८ दिन | ९,१२,८९८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५३ | ५५ वर्ष ३ महिना ६ दिन | ३७,६०,०९९ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ९८ | ८६ वर्ष ४ महिना ७ दिन | १७,४६,२६६ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ८ | २५ वर्ष ४ महिना ७ दिन | ९,५८,००,००० |
| जम्मा | | २४८५ जना | ५७२ वर्ष २ महिना ५ दिन | रु.१४,६०,३१,०५१।- |

## माघ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## पुस र माघ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



## नेपाल प्रहरीमा दलित सेल गठन

गृह मन्त्रालयको २०७८।०९।१६ गतेको पत्र आदेशको आधारमा २०७८/०९/२२ गते नेपाल प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय अन्तर्गत नेपाल प्रहरीमा केन्द्रिय दलित समन्वय सेल स्थापना भई काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय र ७७ वटै जिल्ला प्रहरी कार्यालय अन्तर्गतका महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रसँगै रहने गरी ८६ स्थानमा दलित सेल गठन गरिएको छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयबाट पहिलो चरणमा मिति २०७८/११/०१ र ०२ गते गरी दुई समुहमा केन्द्रिय दलित समन्वय सेल र मातहत कार्यालयहरु अन्तर्गत गठित दलित सेलमा कार्यरत ९१ जना प्रहरी कर्मचारीहरुलाई Online (विधुतिय माध्यम) बाट अनुशिक्षण तालिम प्रदान गरिएको थियो भने दोस्रो चरणमा प्रदेश प्रहरी कार्यालयहरुबाट दलित सेलमा कार्यरत तथा अन्य प्रहरी कर्मचारीहरु समेत गरी ७११ जना प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण प्रदान गरिएको थियो।

### उद्देश्य-:

- दलित समुदायको न्यायमा सहज पहुँचको वातावरण निर्माण गर्ने।
- जातीय तथा अन्य सामाजिक छुवाछुत सम्बन्धी हिंसालाई प्रभावकारी रुपमा अनुसन्धान तथा कारवाही गर्ने।
- दलित समुदायमाथि हुने सबै प्रकारका हिंसाहरु अन्त्य गर्ने।
- दलित सेलमा कार्यरत प्रहरी कर्मचारीहरुलाई जातीय तथा सामाजिक छुवाछुत सम्बन्धी कानुनी व्यवस्था र प्रहरीको काम कर्तव्य सम्बन्धी जानकारी निष्पक्ष रुपमा अनुसन्धान गर्न संवेदनशिल जनशक्ति तयार गर्ने।


## दलित समुदाय पीडित र अभियुक्त भएका लैंगिक हिंसा सम्बन्धी अपराधको तथ्याङ्क :

| चालु आ.ब.( २०७९/०८०) माघ महिनाको तथ्याङ्क | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | हिंसाको प्रकार | पीडित | | | | अभियुक्त | | | | कैफियत |
| | | बालक | बालिका | महिला | पुरुष | बालक | बालिका | महिला | पुरुष | |
| १. | जबरजस्ती करणी | | ३५ | १० | | १२ | | | ४१ | |
| २. | जबरजस्ती करणी उद्योग | | ४ | | | | | | ५ | |
| ३. | बहुबिबाह | | | ६ | | | | ५ | ६ | |
| ४. | बालबिबाह | | १ | १ | | १ | २ | २ | ५ | |
| ५. | बोक्सीको आरोप | | | | | | | | | |
| ६. | अवैध गर्भपतन | | १ | | | | | १ | १ | |
| ७. | जातीय छुवाछुत | | | १ | २ | | | | | |
| ८. | अप्राकृतिक मैथुन | | | | | | | | | |
| ९. | बालयौन दुर्व्यवहार | | ४ | | | | | | ५ | |
| १०. | घरेलु हिंसा | | २ | १२५ | १५ | | | ३२ | १२१ | |
| **कुल जम्मा** | | | **४७** | **१४३** | **१७** | **१३** | **२** | **४०** | **१८४** | |



# प्रहरी सेवा प्रवाह

## माघ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण





## माघ महिनामा चालचलन सम्बन्धी विवरण

| क्र.सं. | बिवरण | प्रगति | |
|---|---|---|---|
| | | **दर्ता** | **बितरण** |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता/बितरण | ९४,८६९ | ८०,१८२ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | २४२ | २४० |
| ३. | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ४ | ४ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १२ | १२ |
| ५. | औंठाछाप प्रमाणिकरण | १७६ | १७६ |
| **जम्मा** | | **९५,३०३** | **८०,६१४** |

# सामुदायिक प्रहरी गतिविधि

माघ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)










# आसरा सुधार केन्द्र

## माघ महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण





## माघ महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | बिदेशी नागरिकहरूको मृत्यु | १८ जना |
| २. | बिदेशी नागरिकहरूको पक्राउ | १९ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | १,७५९ जना |
| ५. | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०१ जना |

# खोजतलास तथा समन्वय

## माघ महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## माघ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट माघ महिना भित्र बिभिन्न १९ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धि कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचविखन, सार्वजनिक अपराध, बिद्युतिय कारोबार, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, लिखत कसुर, बालयौन दुर्व्यवहार, बैकिङ कसुर, अपराधिक लाभ, जुवा, ) अन्तर्गत ७२ वटा मुद्दाको ३८६ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Cell)

- माघ महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- २०७९ /१०/०१ गते देखि ऐ. माघ २९ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि **५७०** केशहरु र **३०३४** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **६५९** केशहरु र **२९९८** नमुनाहरु परीक्षण गरिएको ।
- (AFIS) मा **१६०१** DATA Entry भएको ।


## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### माघ महिनामा परिचालित मासिक डिउटी संख्या






**नेपाल प्रहरी मोबाईल एप्स Google Play र Apple App Store मा उपलब्ध छ ।**
**नेपाल प्रहरीको मोबाईल एप्स प्रयोग गरी निम्न सुविधाहरू लिन सकिन्छ।**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

*तनहुँ, २ माघ*

भानु नगरपालिका-६ बस्ने ४९ वर्षीय सन्त बहादुर गुरूङलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा व्यास नगरपालिका-८ रिस्ती बस्ने २४ वर्षीय आशिस परियारलाई प्रहरीले पक्राउ गरेको छ। भानु नगरपालिका-६ टुहुरे पसलस्थित भित्री सडकमा सन्तबहादुर गुरूङलाई आशिस परियारले खुकुरी प्रहार गरी हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, चन्द्रवती र ईलाका प्रहरी कार्यालय, भानुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै दाइको हत्या गरेको अभियोगमा पक्राउ

*नुवाकोट, ३ माघ*

आफ्नै दाइ ५२ वर्षीय जगत गौचन तामाङको लाठी प्रहार गरी हत्या गरेको अभियोगमा बेलकोटगढी नगरपालिका-९ नलगाउँ बस्ने ३२ वर्षीय ईन्द्र सिंह तामाङलाई प्रहरीले पक्राउ गरेको छ। ईन्द्र सिंहले मादक पदार्थ सेवन गरी घरायसी विवाद झै-झगडा हुँदा लाठीले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएका जगतको जिल्ला अस्पताल त्रिशुलीमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### ज्यान मार्ने उद्योग कसूरमा संलग्न ३ जना पक्राउ

*पर्सा, ४ माघ*

ज्यान मार्ने उद्योग कसूरमा संलग्न रहेको अभियोगमा तिन जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा जिराभवानी गाउँपालिका-१ महादेवपट्टी बस्ने ४५ वर्षीय हिरालाल मुखिया विन, २१ वर्षीय विनोद मुखिया विन र १९ वर्षीय ललन मुखिया विन रहेका छन्। जिराभवानी गाउँपालिका-१ महादेवपट्टी बस्ने ३२ वर्षीय कैलाश दास तत्वाले बाटो अवरोध गरेको भन्ने विषयलाई लिएर उनकै भाई प्रभु प्रमेश्वर दास तत्वा समेतलाई उनीहरूकै छिमेकीहरूले घरेलु हतियार तथा लाठी भाटाले निर्घात कुटपिट गरी गम्भीर घाईते बनाई फरार रहेका उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो। उनीहरू उपर सम्मानित पर्सा जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग कसूरमा ५ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

*संखुवासभा ,१४ माघ*

आफ्नै बुवा भोटखोला गाउँपालिका-५ लुङसुङ बस्ने ७३ वर्षीय गोठे राईको हत्या गरेको अभियोगमा २८ वर्षीय प्रेमकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी वादविवादमा प्रेमकुमारले लाठी प्रहार गरी कुटपिट गर्दा गम्भीर घाइते भएका गोठेको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी, स्याक्सिलागोलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ११ माघ*

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने गोरखा शहिदलखन गाउँपालिका-९ स्थायी वतन भएकी २७ वर्षीया सीता लामिछानेलाई प्रहरीले पक्राउ गरेको छ। सर्वोच्च अदालतको २०७२ फागुन २० गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा ५ वर्ष कैद सजाय ठहर भई फरार रहेकी उनलाई केन्द्रीय अनसुन्धान ब्यूरो, महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं कलंकीबाट पक्राउ गरेको हो। लामिछानेले २०७० मंसिर ७ गते शिशु जन्माई चितवन साविक पिठुवा गा.बि.स.-७ माधवपुरस्थित धानखेतको कुलोमा वेवारिसे फालेको अवस्थामा नवजात शिशुको शव फेला परेको भन्ने कर्तब्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतले उनी उपर उक्त फैसला गरेको थियो। उनलाई फैसला कार्यान्वयनको लागी सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरिएको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त १७ वर्षपछि पक्राउ

*भक्तपुर, १५ माघ*

कर्तव्य ज्यान मुद्दाका फरार दुई जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा काभ्रेपलाञ्चोक मण्डनदेउपुर नगरपालिका- १ बस्ने ४० वर्षीय सुकमान भन्ने कान्छाराम तामाङ र ४१ वर्षीय बहादुर तामाङ रहेका छन्। २०६२ माघ ३० गते चाँगुनारायण नगरपालिका-९ ताथलीमा रहेको गणेश ईट्टा भट्टा नजिकै रहेको कुलो छेउमा सोही भट्टामा काम गर्ने सुकमान भन्ने कान्छाराम र बहादुरले रोल्पा घर भई सोही ईट्टा भट्टामा काम गर्ने ४१ वर्षीय कृष्ण योगीको शरिरको विभिन्न भागमा चक्कु तथा लौरो प्रहार गरी हत्या गरी फरार रहेको घटनामा संलग्न उनीहरुलाई खोजी गर्ने क्रममा प्रहरी वृत्त, जगातीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै आमाको हत्या गरेको अभियोगमा पक्राउ

*कैलाली, १७ माघ*

आफ्नै आमा ७१ वर्षीया लगनी थरुनीको हत्या गरेको अभियोगमा लम्कीचुहा नगरपालिका-६ बगमारा बस्ने ४० वर्षीय श्रीराम थारुलाई प्रहरीले पक्राउ गरेको छ। श्रीरामले बन्चरो प्रहार गर्दा गम्भीर घाइते भएकी लगनीको नवजिवन अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, लम्की कैलालीबाट खटिएको प्रहरीले उनलाई सोही ठाउँस्थित देउराली सामुदायिक वनबाट फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*महोत्तरी, २६ माघ*

जलेश्वर नगरपालिका-५ पर्सापतैली बस्ने ७५ वर्षीय हरिदेव राउतको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ६८ वर्षीय सुरेन्द्र राउतलाई प्रहरीले पक्राउ गरेको छ। जग्गाको बिषयमा विवाद भई सुरेन्द्रले कुटपिट गर्दा हरिदेव राउतको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय, महोत्तरी र प्रहरी चौकी, पर्सापतैलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## विभिन्न धनमाल चोरी

*ललितपुर, ४ माघ*

ललितपुर महानगरपालिका-२७ सुनाकोठीस्थित २७ नम्बर वडा कार्यालयबाट करिब २ लाख ८७ हजार रूपैयाँ बराबरको कम्प्युटर, सिसि क्यामेरा मोनिटर, प्रिन्टर लगायतको सामान र सोही वडा कार्यालयको भवनमा रहेको हेल्थपोस्टबाट करिब १ लाख ३० हजार बराबरको ल्यापटप, कम्प्युटर, बीपी सेट लगायतको सामान चोरी भएको छ। उक्त भवनको झ्याल खुला रहेको अवस्थामा अपरिचित व्यक्तिहरुभित्र प्रवेश गरी उक्त सामान चोरी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त, चापागाउँबाट खटिएको प्रहरी घटनास्थलमा पुगी आवश्यक अनुसन्धान गर्नुका साथै चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गरिरहेको छ।

## क्रोएसिया पठाईदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ११ माघ*

क्रोएसिया पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ८ लाख ४० हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ सिनामंगल बस्ने मोरङ मिक्लाजुङ गाउँपालिका-९ घर भएका २९ वर्षीय साहिल बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। बस्नेतले वैदेशिक रोजगारीमा क्रोएसियाको प्रतिष्ठित कम्पनीमा मासिक १ लाख भन्दा बढी कमाई हुने गरी फुडप्याकिङको काम लगाइदिने र त्यसको लागि प्रतिव्यक्ति ६ लाख रुपैयाँ लाग्छ भन्दै प्रलोभनमा पारी पीडितहरुबाट उक्त रकम ठगी गरेको भन्ने वैदेशिक रोजगार विभागको पत्राचारको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं सिनामंगलबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग, बुद्धनगर काठमाडौंमा पठाइएको छ।

## झुठा विवरण देखाई नागरिकता लिएको कसुरका प्रतिवादी पक्राउ

*काठमाडौं, १२ माघ*

झुठा विवरण देखाई नागरिकता लिएको कसुरका प्रतिवादी बुढानिलकण्ठ नगरपालिका-१२ चुनिखेल बस्ने चितवन खैरहनी नगरपालिका-८ घर भएकी ३२ वर्षीया युवन्तीका तामाङलाई प्रहरीले पक्राउ गरेको छ। झुठा विवरण पेश गरी बंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र लिएको भन्ने मुद्दाको अनुसन्धानको सिलसिलामा तामाङलाई सम्मानित चितवन जिल्ला अदालतबाट प्रदान गरिएको पक्राउ अनुमति पत्रको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्जबाट खटिएको प्रहरीले उनलाई बुढानिलकण्ठ नगरपालिका-१२ चुनिखेलबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, चितवन पठाइएको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं ,१६ माघ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी दोलखा मेलुङ गाउँपालिका-४ घर भई हाल ललितपुर, ललितपुर महानगरपालिका-९ बस्ने ४७ वर्षीय भिम बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। सम्मानित उच्च अदालत पाटनको २०७८ साउन १ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ९ लाख ६० हजार रूपैयाँ बिगो तथा जरिवाना, ३ दिन कैद र ३८ हजार ४ सय रुपैयाँ क्षतिपूर्ति शुल्क भराउने सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-६ बौद्धबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालत बबरमहल पठाइएको छ।

## अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको विदेशी मुद्रा सहित एक जना पक्राउ

*काठमाडौं, १७ माघ*

अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको South African Rand २३ हजार २ सय ५० सहित सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१२ घर भएका ५२ वर्षीय टोप बहादुर बुढा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ। कतार एयरवेजको उडानद्वारा काठमाडौंबाट दोहा हुँदै दक्षिण अफ्रिका जान लागेका क्षेत्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाको एक्सरे मेसिनमा जाँच गर्ने क्रममा उनको साथमा रहेको झोलाभित्र २०० दरको २१ थान ,१०० दरको १ सय ९० थान ,२० दरको २ थान र १० दरको १ थान गरी उक्त South African Rand बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धानको लागि विदेशी मुद्रा सहित प्रहरी वृत्त गौशला पठाइएको छ।

## नक्कली कागजातहरू बनाई कीर्ते गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, २७ माघ*

शैक्षिक प्रमाणपत्र तथा बिभिन्न तालिमका नक्कली कागजातहरू बनाई कीर्ते गरेको अभियोगमा तेह्रथुम म्याङलुङ नगरपालिका-१ घर भई काठमाडौं महानगरपालिका-१६ माछापोखरी बस्ने ३४ वर्षीय सोनाम नेपाललाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं महानगरपालिका-१६ बसन्तनगरस्थित युनाइटेड इन्टरप्राइजेज एण्ड ट्रेनिङ सेन्टरमार्फत सरकारी जागिरमा आबद्ध रहेको अनुभवको नक्कली प्रमाणपत्र बनाउने गरेको सूचनाको आधारमा प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई पक्राउ गरेको हो। साथै उक्त ट्रेनिङ सेन्टरबाट १ थान ल्यापटप, १ थान कम्प्युटरको सिपियु, विभिन्न संघसंस्था एवम् सरकारी कार्यालयका खाली लेटरप्याडहरू तथा छापहरू र विभिन्न संघसंस्थाका प्रमाणपत्रहरू फेला पारेको हो। उनी उपर लिखत सम्बन्धि कसूरको (किर्ते गर्न नहुने ) कसूरमा थप अनुसन्धान भइरहेको छ।

## सुन जस्तो देखिने धातु सहित दुई जना भारतीय नागरिक पक्राउ

*काठमाडौं, २९ माघ*

काठमाडौं महानगरपालिका-९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेट नजिकैबाट सुनजस्तो देखिने धातु ५ सय ग्राम सहित २ जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा भारतीय नागरिक ३१ वर्षीय गिरिश चन्देरलाल थडानी र ३४ वर्षीय मुकेश कुंदन आठवाणी रहेका छन्। ईन्डिगो एयरलाईन्सको उडानद्वारा मुम्बईबाट काठमाडौं आएका थडानीको साथबाट २ सय ५० ग्राम र आठवाणीको साथबाट २ सय ५० ग्राम सुनजस्तो देखिने धातु अवैध रुपमा लुकाई छिपाई भन्सार छली गरी लैजान लागेको अवस्थामा फेला पारी प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*रूपन्देही, २ माघ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मर्चवारी गाउँपालिका-४ महादेही बस्ने २६ वर्षीय सञ्जय पासीलाई प्रहरीले पक्राउ गरेको छ। पासीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, मझगावाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## ४ जना बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा एक जना पक्राउ

*भोजपुर, ३ माघ*

१३ वर्षीया २ जना र १५ वर्षीया २ जना बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा हतुवागढी गाउँपालिका-३ सिद्राङ बस्ने ३७ वर्षीय पुर्ण कुमार राईलाई प्रहरीले पक्राउ गरेको छ। राईले विभिन्न मिति, समय र स्थानमा ती बालिकाहरुलाई यौन दुर्व्यवहार गरेको भन्ने छुट्टाछुट्टै उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय, भोजपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ ,७ माघ*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगरपालिका-९ मुकुणडाँडा बस्ने ६३ वर्षीय छबिलाल गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। गुरूङले ती बालिकालाई माघ ५ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, नारायणपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बाँके, ११ माघ*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा नरैनापुर गाउँपालिका-६ सोनबर्षा बस्ने ३५ वर्षीय राम प्रसाद बर्मालाई प्रहरीले पक्राउ गरेको छ। बर्माले ती बालिकालाई सोही ठाउँस्थित बारीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी गंगापुर 'क' र ईलाका प्रहरी कार्यालय, भगवानपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा २ जना पक्राउ

*बागलुङ, १२ माघ*

१७ वर्षीया र १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ढोरपाटन नगरपालिका-७ बोबाङ बस्ने २२ वर्षीय आयुष बिक र २१ वर्षीय जिवन बिक रहेका छन्। आयुषले आफ्नै घरमा १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको र जिवनले आयुषकै घरमा माघ ४ गते राति १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी, ढोरपाटनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*सिरहा, १३ माघ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिरहा नगरपालिका-२२ बस्ने २४ वर्षीय संतोष यादवलाई प्रहरीले पक्राउ गरेको छ। सिरहा नगरपालिका-७ स्थित एक घरमा संतोष यादव र हाल वतन नखुलेका २३ वर्षीय सरोज कुमार यादवले ती बालिकालाई जबरजस्ती करणी गरी फरार भएको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय, सिरहाबाट खटिएको प्रहरीले उनीहरूमध्ये संतोष यादवलाई पक्राउ गरेको हो। हाल फरार सरोज कुमार यादवको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं ,१६ माघ*

तेह्रथुम ,१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा आठराई गाउँपालिका-६ फुङसिङ बस्ने ६७ वर्षीय सूर्य कन्दङवालाई प्रहरीले पक्राउ गरेको छ। कन्दङवाले ती बालिकालाई केही महिना अगाडिदेखि ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी, चुहानडाँडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

ललितपुर, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गोरखा तारुघाट गाउँपालिका-८ घर भई हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका-४ बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त, सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*कञ्चनपुर, १८ माघ*

१४ वर्षीया २ जना बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भिमदत्त नगरपालिका-४ बजारस्थित समाज कल्याण बाल अनाथालयका कर्मचारी ५१ वर्षीय शंकर बहादुर चन्दलाई प्रहरीले पक्राउ गरेको छ। चन्दले ती बालिकाहरूलाई विगत ३/४ महिनादेखि जबरजस्ती करणी गर्दै आएको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*भक्तपुर ,२८ माघ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सोलुखुम्बु सोलु दुधकुण्ड नगरपालिका-३ घर भई हाल काठमाडौं कोटेश्वर बस्ने १९ वर्षीय लाक्पा ग्याल्जेन तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङले ती बालिकालाई भक्तपुर, भक्तपुर नगरपालिका-९ ब्रह्मायणीस्थित होटलमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त, जगातीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। साथै उक्त होटलकी संचालिकालाई प्रहरीले आवश्यक अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध गाँजा सहित पक्राउ

*सिरहा, १ माघ*

कर्जन्हा नगरपालिका-१० मनहर्वाबाट अवैध लागूऔषध गाँजा करिब ६ किलो सहित सोही नगरपालिका-८ गौतारी बस्ने ४७ वर्षीय राम प्रकाश राउतलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी, कर्जन्हाबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, ६ माघ*

काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ ग्राम ७ मिलिग्राम सहित ईलाम सूर्योदय नगरपालिका-१० घर भएका १९ वर्षीय सुबेक प्रधानलाई प्रहरीले पक्राउ गरेको छ। झापाबाट काठमाडौं आउँदै गरेको ना.६ ख ३२६८ नम्बरको बसलाई प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

धादिङ, बेनिघाट रोराङ गाउँपालिका-९ मझिमटारबाट अवैध लागूऔषध गाँजा करिब २० केजी र नगद ४९ हजार रूपैयाँ सहित स्याङ्जा भिरकोट नगरपालिका-२ बस्ने ३५ वर्षीय प्रेम गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी, जोगिमाराबाट खटिएको प्रहरीले काठमाडौंबाट चितवनतर्फ जाँदै गरेको बा.२ ग १४१० नम्बरको माईक्रोलाई जाँच गर्ने क्रममा माईक्रोमा सवार गुरुङको झोलाबाट उक्त परिमाणको लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो।

दाङ, राप्ती गाउँपालिका-१ पुलचोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३७ मिलिग्राम सहित सोही ठाउँ बस्ने ३० वर्षीय बिशाल थापालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, भालुवाङबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

सर्लाही, बरहथवा नगरपालिका-७ स्थितबाट नियन्त्रित लागूऔषध नाईट्राभेट २७ ट्याब्लेट सहित सोही नगरपालिका- ८ बस्ने २३ वर्षीय राम उजैन पासवानलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय, बरहथवाबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित छुट्टाछुट्टै स्थानबाट ११ जना पक्राउ

*काठमाडौं ,७ माघ*

काठमाडौं ,चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ७ ग्राम सहित झापा मेचीनगर नगरपालिका-७ घर भएका ३१ वर्षीय अमित राजबंशीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग, नागढुंगाबाट खटिएको प्रहरीले काँकडभिट्टादेखि काठमाडौंतर्फ आउँदै गरेको म ख ००१-०३.प्र.८११० नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

मकवानपुर, मनहरी गाउँपालिका-८ दारिमबासबाट अवैध लागूऔषध गाँजा करिब २० केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४२ वर्षीय राज कुमार प्रजा र ४५ वर्षीय जित बहादुर मगर रहेका छन्। ईलाका प्रहरी कार्यालय, मनहरीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यसैगरी मकवानपुर ,हेटौंडा उपमहानगरपालिका-१ स्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब २ केजी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा वीरगञ्ज महानगरपालिका-४ घर भएका २३ वर्षीय दिपक थापा र सोही महानगरपालिका-३ बस्ने ४० वर्षीय जाकिर हुसेन रहेका छन्। जिल्ला प्रहरी कार्यालय, मकवानपुरबाट खटिएको प्रहरीले ना.४१ प १६३० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

कैलाली ,धनगढी महानगरपालिका-१३ कैलाली गाउँ बस्ने ३२ वर्षीय रोहित भट्टलाई अवैध लागूऔषध ब्राउनसुगर ४ सय ४० मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय, धनगढीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

स्याङजा ,गल्याङ नगरपालिका-१ राम्दीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ सय ४० मिलिग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका-१५ बस्ने ३७ वर्षीय जोन गुरुङ र ३९ वर्षीय लाल बहादुर गुरूङ रहेका छन्। बुटवलबाट पोखरातर्फ जाँदै गरेको ग प १७.७२०० नम्बरको स्कुटरलाई प्रहरीले जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

कञ्चनपुर ,भिमदत्त नगरपालिका-३ तिलकपुर बस्ने बझाङ केदारस्यूँ गाउँपालिका-७ काडाचौकी घर भएका ४० वर्षीय करन धामीलाई अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ १५ केजी ५ सय २० ग्रामसहित प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी कैलालीबाट खटिएको संयुक्त टोलीले भिमदत्त नगरपालिका-३ तिलकपुरस्थित सिँचाई नहरको किनारबाट धामीलाई ४ केजी ७ सय ७० ग्राम सहित पक्राउ गरेको थियो। अनुसन्धानको क्रममा धामीले सोही ठाउँस्थित उनकै बज्यै नाता पर्ने राईमती देवी बोहराको घरमा राखेको थप १० केजी ७ सय ५० ग्राम चरेश जस्तो देखिने पदार्थ फेला परेको हो।

नवलपरासी(पूर्व), कावासोती नगरपालिका-१६ चालिसकिलोबाट नियन्त्रित लागूऔषध फेनारगन २१ एम्पुल, नुर्फिन २१ एम्पुल र डाईजेपाम २१ एम्पुलसहित चितवन भरतपुर महानगरपालिका-१६ बस्ने २३ वर्षीय सबिन तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय नवलपरासी (पूर्व) बाट खटिएको प्रहरीले ना.८ ख ८८५ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

मोरङ ,विराटनगर महानगरपालिका-१५ बाट नियन्त्रित लागूऔषध लुपिजेसिक २९ एम्पुल, ऐभिल २९ एम्पुल ,फेनारगन २९ एम्पुल र डाइजेपाम २९ एम्पुलसहित बेलबारी नगरपालिका-१ बस्ने ३४ वर्षीय उपेन्द्र खड्कालाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो, विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको को.८ प ६५६२ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक खड्कालाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, २० माघ*

सुनसरी, दुहबी नगरपालिका-३ स्थित सडकबाट अवैध लागूऔषध १७ केजी गाँजा सहित ईटहरी उपमहनगरपालिका-११ बस्ने ३७ वर्षीय महमद हजरत अली समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा १ नम्बर प्रदेश प्रहरी कार्यालय, विराटनगर र सिआरभी दुहबीबाट खटिएको संयुक्त टोलीले ईटहरीबाट विराटनगरतर्फ जाँदै गरेको को.२ ह ३०४४ नम्बरको अटो जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध फेला पारी चालक अली समेत ३ जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## विभिन्न हतियार सहित २ जना पक्राउ

*रूपन्देही, ३ माघ*

बुटवल उपमहानगरपालिका-११ देवीनगरबाट विभिन्न हतियार सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा गुल्मी मालिका गाउँपालिका-४ अर्खावाङ बस्ने ३५ वर्षीय नविन चन्द्र रेग्मी र कन्चनपुर गणेशपुर नगरपालिका-२ बस्ने २७ वर्षीय विश्वराज कार्की रहेका छन् । इलाका प्रहरी कार्यालय, बुटवलबाट खटिएको प्रहरीले शंका लागि उनीहरुलाई जाँच गर्ने क्रममा नविनको साथबाट १ थान रिभल्वर फेला परेपछि दुवै जनालाई पक्राउ गरेको हो । साथै थप अनुसन्धानको क्रममा सैनामैना नगरपालिका-१ पर्रोहास्थित नविनको कोठामा तलासी गर्दा गोली ३५ राउण्ड ,तयारी डेटोनेटर ३ थान, डेटोनेटर केस ६० थान ,डेटकर्ड ४ मिटर समेत फेला पारी प्रहरीले बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## विभिन्न मुद्दाका ३३२ जना फरार प्रतिवादी पक्राउ

*बारा, १० माघ*

विभिन्न मुद्दाका ३ सय ३२ जना फरार प्रतिवादीहरूलाई जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ । अदालतबाट फैसला कार्यान्वयनको लागि प्राप्त फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउने उद्देश्यले संचालित फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत लामो समयदेखि अदालतबाट कैद तथा जरिवानाको फैसला भई कानूनी कारवाहीको दायराबाट भाग्दै लुकीछिपी बस्दै आएका फरार प्रतिवादीहरूलाई जिल्लाका विभिन्न ठाउँबाट पक्राउ गरेको हो । बैकिङ कसूर मुद्दा, हातहतियार खरखजाना मुद्दा लगायतका मुद्दामा कैद तथा जरिवाना फैसला भई फरार रहेका पक्राउ परेका प्रतिवादीहरु मध्ये ३६ जनालाई थुनामा राख्न पर्सा कारागार कार्यालय चलान गरिएको छ भने बाँकी जरिवाना भुक्तान गरी मुक्त भएका छन् ।

## मानव बेचबिखन गर्ने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ

*काठमाडौं, १२ माघ*

मानव बेचबिखन गर्ने कार्यमा संलग्न रहेको अभियोगमा झापा दमक नगरपालिका-३ घर भई हाल काठमाडौं महानगरपालिका-१४ बस्ने प्रकाश शाही ठकुरी भन्ने ४१ वर्षीय प्रकाश धिमाललाई प्रहरीले पक्राउ गरेको छ । पीडितको उजुरीको आधारमा नेपाल प्रहरी प्रधान कार्यालय, मानब बेचबिखन अनुसन्धान ब्यूरो, बबरमहलबाट खटिएको प्रहरीले धिमाललाई काठमाडौं महानगरपालिका-७ चावहिलबाट पक्राउ गरेको हो । म्यानपावर एजेन्टको काम गर्ने धिमालले कुवेतमा फ्रि भिसा र फ्रि टिकटमा राम्रो कमाई हुने काममा पठाइदिने भनि राहदानी लगायतका आवश्यक कागजपत्र बनाई ३/४ जना महिलालाई २०७९ बैशाख १२ गते काठमाडौंबाट भिजिट भिसामा दुबई हुँदै कुवेत लगि ९ सय कुवेती दिनारमा बिक्री गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको हो । साथै पीडितलाई दैनिक १० घण्टासम्म काममा लगाई श्रम शोषण गरेकोमा उपचार गर्नका लागि स्थानीय अस्पताल गएको समयमा पीडित उक्त अस्पतालबाट भागी कुवेतस्थित नेपाली राजदूतावासको सम्पर्कमा आए पश्चात् उनलाई २०७९ असोज १४ गते उद्दार गरी नेपाल फिर्ता ल्याइएको थियो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## चित्तलको छाला सहित पक्राउ

*कैलाली, १८ माघ*

घोडाघोडी नगरपालिका-५ देउकलिया बस्ने ५४ वर्षीय खेमराज सापकोटालाई चित्तलको छाला २ थान सहित प्रहरीले पक्राउ गरेको छ । सापकोटाको घरमा चित्तलको छाला रहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, सुखडबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त छाला फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## चाइनिज पेस्तोल र ६ राउण्ड गोली सहित २ जना पक्राउ

*सुनसरी, १९ माघ*

ईटहरी उपमहानगरपालिका-१२ खनारबाट १ थान चाइनीज पेस्तोल र सोही पेस्तोलमा लाग्ने गोली ६ राउण्ड सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ईटहरी उपमहानगरपालिका-१५ बस्ने ३० वर्षीय सुजित मगरार्ती माझी र सोही उपमहानगरपालिका-१० बस्ने १८ वर्षीय किशोर रहेका छन् । ईलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूलाई उक्त हतियार र प्र.१-०२-०४३ प ६८९७ नम्बरको मोटरसाइकल सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## एक संरक्षित वन्यजन्तु गैंडाको खाग ओसारपसार तथा खरिद बिक्री गर्ने १५ जना पक्राउ

*काठमाडौं, २७ माघ*

संरक्षित वन्यजन्तु गैंडाको खाग अवैध रूपमा चोरी शिकारी, ओसारपसार तथा खरिद बिक्री कार्यमा संलग्न रहेको अभियोगमा १५ जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-७ सरस्वतीनगर टोलबाट गत पुस १९ गते झापा भद्रपुर नगरपालिका-१० बस्ने ४५ वर्षीय ईन्द्रमणी आचार्य र बाँके कोहलपुर नगरपालिका-११ बस्ने ४१ वर्षीया जमुना कुमारी शर्मालाई संरक्षित वन्यजन्तु गैंडाको खाग ५ सय २२ ग्राम सहित केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा उक्त कारोबारमा संलग्न रहेका पाल्पा भुवनपोखरीका ६२ वर्षीय बाबुलाल भट्टराई, कैलाली घोडाघोडी नगरपालिका-१० पहलमानपुरका ३६ वर्षीय प्रताप चौधरी, कैलाली मसुरियाका ६१ वर्षीय गणेश भनिने गजाधर सापकोटा, भोजपुर अरुण गाउँपालिका-२ घर भएका ४५ वर्षीय डम्बर कुमार आले मगर, गोरखा पालुङटार नगरपालिका-२ ठाँटीपोखरी बस्ने ४७ वर्षीय दान बहादुर राना, स्याङ्जा पुतलीबजार नगरपालिका-१ का ४६ वर्षीय निर्मल शाही, स्याङजा वालिङ नगरपालिका-८ जैसीपधेँराका ३८ वर्षीया हरिमाया राना, चितवन भरतपुर महानगरपालिका-८ की ४० वर्षीया सम्झना चेपाङ भन्ने कमला तामाङ, चितवन कालिका नगरपालिका-९ शेरबास बस्ने ३९ वर्षीय राजु भन्ने सोम बहादुर चेपाङ तथा ३० वर्षीय राधाकृष्ण चेपाङ, चितवन इच्छाकामना गाउँपालिका-७ पदमपुरकी ३० वर्षीया तुलसी चेपाङ, सोही गाउँपालिका-७ सुन्दरबस्तीका ३९ वर्षीय बिरमान वाइबा र चितवन भरतपुर महानगरपालिका-८ गौरीगंज सल्यानी बस्ने ५२ वर्षीय आइत बहादुर तामाङ समेत गरी १३ जनालाई केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगंजबाट खटिएको प्रहरीले विभिन्न मिति र स्थानबाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कानूनी कारवाहीको लागि डिभिजन वन कार्यालय, हात्तिसार काठमाडौंमा पठाइएको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक :- कर्तव्य ज्यान

मिति २०७९।१०।०१ गते अं.१३:०० बजेको समयमा का.जि. गोकर्णेश्वर न.पा. वडा नं.०६ नयाँबस्तीमा बर्ष १९ को मनिष ठकुरीलाई प्रिन्स प्रसाई, चेतेन्द्र खड्का, सुजन राई, सुकसोम लामा, लाक्पा लामा समेतले ईटा ढुङ्गा समेतले प्रहार गरी सख्त घाईते बनाई उपचारको क्रममा मृत्यु भएको घटनामा संलग्न प्रतिवादीहरुलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित काठमाडौं जिल्ला अदालत समक्ष पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१०।२९ गतेको आदेशले सबै प्रतिवादीहरु पुर्पक्षको लागि थुनामा कारागार गएको।

## मुद्दा शीर्षक – कालोबजारी

विभिन्न ब्राण्डका नक्कली रक्सीहरूमा ललितपुरको कुपन्डोल स्थित Next Taste Liquor Store बाट विभिन्न ब्राण्डका कमसल अन्य मदिराको बोतलको अन्तशुल्क स्टिकर पुन: टाँस गर्ने, बिर्को पुन: प्रयोग गर्ने तथा नक्कली मदिरा भरी विक्री गर्ने गरेको पाईएकोले सो कार्यमा संलग्न निरज उप्रेती, गणेश बहादुर रानामगर, धर्मी गौडेल समेतलाई पक्राउ गरी कालोबजारी मुद्दामा अनुसन्धान गरिएकोमा अनुसन्धान पश्चात जिल्ला प्रशासन कार्यालय, ललितपुरको मिति २०७९।१०।२७ गतेको आदेशानुसार प्रतिवादीहरू निरज उप्रेती र धर्मी गौडेल जनही रु.१,५०,०००।- धरौटीमा र प्रतिवादी गणेश बहादुर रानामगर रु.१०,०००।- धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।१०।०२ गते दिनको अं.११:१५ बजेको समयमा जिल्ला तनहुँ, भानु नगरपालिका वडा नं.६ टुहुरेपसल स्थित ऐ.ऐ बस्ने मेरो दाई बर्ष ५१ को सन्त बहादुर गुरुङको घरमा जिल्ला तनहुँ ब्यास नगरपालिका वडा नं.८ घर भएका बर्ष २४ को आषिश परियार पसी दाई सन्त बहादुर गुरुङको घरमा रहेको खुकुरी लिई बाहिर सडकमा निस्किएकोमा निज सन्त बहादुर गुरुङ आफ्नो खुकुरी माग्न अर्को खुँडा लिई निस्की खुकुरी माग्दा निज आशिष परियारले आफ्नो हातमा रहेको खुकुरीले सन्त बहादुर गुरुङको घाँटीमा प्रहार गर्दा सन्त बहादुर गुरुङको घटनास्थलमै मृत्यु भएको हुँदा निज आशिष परियारलाई कानून बमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको मृतकको भाई धन बहादुर गुरुङको जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादी आशिष परियारलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा शीर्षकमा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित तनहुँ जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित अदालतको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९।०९।२२ गते रातको अं.२२:३० बजेको समयमा जिल्ला पाँचथर, फिदिम नगरपालिका वडा नं.४ तुम्देन चौक बस्ने चन्द्र सुब्बाको घर कोठामा मेरो नाबालिका नातिनी बर्ष १५ की परिवर्तित नाम ०२-०७९।०८० "२०" एक लाई प्रतिवादी हिलिहाङ गा.पा. वडा नं.४ बस्ने बर्ष २० को किरण पोख्रेलले ललाई फकाई करणी गरेको हुँदा निजलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने व्यहोराको परिवर्तित नाम ०२-०७९।०८० "२०" को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात पक्राउ प्रतिवादी सम्मानित पाँचथर जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि मिति २०७९।१०।२६ थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।१०।०२ गते अं.१६:३० बजेको समयमा जिल्ला नुवाकोट बेलकोटगढी न.पा. वडा नं.९ नलगाँउ स्थित ऐ.ऐ. बस्ने बर्ष ५२ को जगत गौचन तामाङलाई आफ्नै सहोदर भाई ऐ.ऐ.बस्ने बर्ष ३२ को ईन्द्र सिंह तामाङले घरायसी विवादमा झै-झगडा हुँदा लाठीले टाउकोमा हानी घाईते भई उपचारको लागि त्रिशुली अस्पताल नुवाकोट लगिएकोमा ऐ. मिति साँझको अं.१८:३० बजेको समयमा अस्पतालमा पुग्नासाथ डाक्टरले मृत घोषणा गरेको भन्ने ब्यहोराको सुचना प्राप्त भएकोमा सो सम्बन्धमा कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरी प्रतिवादी जिल्ला नुवाकोट, बेलकोटगढी न.पा. वडा नं.०९ बस्ने बर्ष ३२ को ईन्द्र सिंह तामाङलाई मिति २०७९।१०।२६ गतेको सम्मानित नुवाकोट जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि कारागार कार्यालय चलान गरेको।

## मुद्दा शीर्षक – जुवा

हरिश चन्द्र मल्ल समेतले Quick cash नामक TikTok Id खोली ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.२८ हरिसिद्धी स्थित डेराकोठामा बसी बिभिन्न व्यक्तिहरुलाई आफ्नो E-sewa लगायतका अन्य Digital Wallet हरुमा रकम जम्मा गर्न लगाई आफुले लाभ लिने उद्देश्य राखी TikTok Live मार्फत रकमको बाजी राख्न लगाई जुवा (तास) खेल्ने खेलाउने गरेको भन्ने सुचना प्राप्त भएकोमा मिति २०७९।१०।०३ गते अं.१४:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.२८ हरिसिद्धी स्थित लक्ष्मी रिजालको घरमा डेरा गरी बस्ने हरिश चन्द्र मल्लको कोठाबाट Go Green लेखिएको बिभिन्न व्यक्तिहरुलाई तास खेलाउँदा राखिएको हिसाब किताब नोट बुक थान-१, ३ बुक तास र IMEI NO. 350160486555467 3501604854400053 भएको कालो रंगको Apple कम्पनीको I Phone मोबाईलमा प्रयोग भएको ९८१३०८४५१० नं. सहित बरामद गरी तास खेल्ने गरेको Screenshot को Record भएको CD थान १ समेत तयार गरी निज हरिश चन्द्र मल्ललाई पक्राउ गरी अनुसन्धानपश्चात दाखिला हुँदा जिल्ला प्रशासन कार्यालय, ललितपुरको आदेशानुसार निज प्रतिवादी रु.३०,०००।- धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मेरो बर्ष ८ को छोरा भरत बोहरा ऐ.१२ गते छिमेकी दान बहादुर बिष्टको घरमा गएकोमा निज छोरालाई मेरो जेठी श्रीमतीले घरमा ल्याएपश्चात कान्छी श्रीमती जानकी बोहराले कुटपिट गरेको र जेठी श्रीमती कल्मती देबी बोहराले सिस्नुपानी लगाएकोमा निजको सोही राती मृत्यु भएकोमा मेरो दुबै श्रीमती मिली छोराको लाशलाई आफ्नै खेतबारीमा रहेको गोबर मल हाल्नको लागि बनाएको खाडलमा पुरेको हुँदा म समेत घरमा नभएको बखतमा यसरी कुटपिट गरी सिस्नोपानी लगाई निर्ममता पूर्वक हत्या गर्ने मेरो श्रीमतीहरु जानकी बोहरा र कल्मती देबी बोहरालाई ज्यान सम्बन्धी कसुर मुद्दामा कानुन बमोजिम कारवाही गरी पाउनको साथै मृतक लाशको कानुन बमोजिम गरी पाउँ भनी मृतकको बुबाले जाहेरी दरखास्त पेश गरेकोमा अनुसन्धानपश्चात प्रतिवादी जिल्ला डडेल्धुरा, आलिताल गा.पा. वडा नं. ८ बस्ने बर्ष ३९ की कल्मती देवी बोहरा र ऐ.ऐ. बस्ने बर्ष ३० की जानकी बोहरालाई सम्मानित डडेल्धुरा जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार कार्यालय, डडेल्धुरामा पठाएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८